# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौंथो अधिवेशन

## (तिसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६ साउन ९ गते, दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको २ बजेर १३ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउँछु ।

**विषयः प्रमाणिकरण सम्बन्धमा ।**

श्री प्रदेश सभा सचिवालय,

गण्डकी प्रदेश पोखरा ।

तहाँको मिति २०७६/३/२६ को पत्र सहित प्राप्त प्रदेश सभाबाट पारित विनियोजन विधेयक २०७६ र प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न भनिएको विधि २०७६ मिति २०७६/३/३१ मा माननीय प्रदेश प्रमुख ज्यूबाट प्रमाणिकरण भएकोले १ प्रति विधेयक यसै साथ संलग्न राखी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब माननीय प्रदेश सभा सदस्य श्री मणिभद्र शर्माले विशेष समय माग गर्नु भएकोले आफ्नो भनाई राख्न अनुमति दिन्छु ।

## माननीय मणिभद्र शर्मा

माननीय सभामुख महोदय, बाग्लुङ जिल्लामा गल्कोट नगरपालिका काँडेबाँसमा यहि साउन ६ गते १७ वर्षको सिता गौतमलाई पैह्रोले माथिबाट आएको सानो

पहिरोले त्यहि पुरेर वहाँको स्पोट डेथ भयो । वहाँको निधन प्रति शोक व्यक्त गर्दै परिवारजन लाई वहाँ एउटा टुहुरी बच्चा पनि हो । काजक्रिया खर्च र वहाँहरुलाई सेवा उहाँलाई उपलव्ध गराउन म अनुरोध गर्दछु । त्यस्तै गरी आज भन्दा १२ दिन अगाडी बाग्लुङ नगरपालिका वडा नं. ४ जो बजार क्षेत्र नजिकै पर्छ त्यहाँ १ जना २६ वर्षको सुदर्शन पौडेल भन्ने भाई बाँदर धपाउँदै गर्दा भिरबाट खसेर स्पोट डेथ भयो । हामी यो कृषि प्रणालीलाई यी अगाडी प्रश्नहरु उठाएका थियौ कसरी व्यवस्थित सुरक्षित बनाउने किसानलाई र लाभ उपलव्ध गराउने भन्ने बारेमा ध्यानाकर्षण गराएका थियौ । आज देशभरि विशेष गरी हाम्रो प्रदेशमा जहाँ तहि यस्तो बाँदर अरु वन्यजन्तुबाट किसानहरुबाट विजोग भइरहेको छ । त्यहि सिलसिलामा लक्ष्मण पौडेलका छोरा वर्ष २० का सुदर्शन पौडेलको मृत्यु भयो । अब यस्तो मृत्यु प्रति म वहाँको परिवारप्रति समवेदन व्यक्त गर्दै उहाँहरुको परिवारलाई पनि राहत सहयोग उपलव्ध गराउन अनुरोध गर्दछु । धन्यवाद जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब माननीय प्रदेश सभा सदस्य श्री धनन्जय दवाडीले विशेष समय माग गर्नु भएकोले आफ्नो भनाई राख्नुहुन अनुमति दिन्छु ।

## माननीय धनन्जय दवाडी

सभामुख महोदय, २०७६ साल साउन ८ गते तथा हिजो दिउँसो अन्दाजी ३:३० बजे तिर लमजुङ जिल्लाको दोर्दी गाउँपालिका अन्तर्गतको दोर्दी खोलामा एक्कासी बाढी आउँदा ठुलो धनजनको क्षती भएको छ । दोर्दी खोलाको सहायक खोला दुधखोला आसपासमा पहिरोले थुनिएको र एक्कासी खोलिएको अनुमान गरिएको छ । जुन मानव बस्ती भन्दा धेरै माथि पर्दछ । दोर्दी गाउँपालिका वडा नं. ६ ढोडेनीमा निर्माणाधिन माथिल्लो मर्स्याङ्दी ए जलविद्युत आयोजनाको डिसेन्डर बनाइरहेको मजदुरहरु र तिनको आवासलाई बाढीले बगाएको छ । यसरी बाढीमा परेका मजदुरहरु मध्ये ४ जनाको शव प्राप्त भएको छ र ७ जना बेपत्ता भएका छन् । ४ जना मध्ये प्राप्त भएका ३ वटा शवको सनाखत भएको छ । दोर्दी गाउँपालिकाको नौथर सेरामा २ वटा शवहरु भेटिए । ती मध्ये पर्सा जिल्लाका अन्दाजी २८/३० वर्षका शिवधन चौधरी र सप्तरीको दुधकोशी नगरपालिका वडा नं. ८ का अन्दानी ५० वर्षीय भुवनेश्वर चौधरी रहेका छन् । यसैगरी ढोडेनीकै कृतिपुर बेसीमा भेटिएको अर्को शव डडेलधुराको आर्यताल गाउँपालिकाका अन्दाजी ३४/३५ वर्षका रमेश बुढाको भएको सनाखत भएको छ। भेटिएको अर्को शवको सनाखत हुन सकेको छैन । बाढीले बेपत्ता पारिएकाहरु

मध्ये ७ जना बेपत्ता पारेका छन् । सप्तरी घर भएका वर्ष ४०/४२ का सुरेन्द्र चौधरी, कन्चनपुर घर भएका वर्ष ४३/४४ का देव बहादुर ओली, डडेलधुरा घर भएका ४५ वर्षका कर्ण बुढा, भोजपुर घर भएका अन्दाजी २२/२३ का दविस कटुवाल, बारा घर भएका ३०/३१ वर्षका सहिद चौधरी, बारा घर भएका अन्जादी २४/२५ वर्षका ज्ञानेन्द्र चौचरी र लमजुङ जिल्लाको दोर्दी गाउँपालिका वडा नं ६ छोमस्वाँराका वर्ष २१ का विनोद तामाङ गरी ७ जना बेपत्ता भएका छन् । यहि बाढीको वितण्डामा डडेलधुराका धनसिंह एडी, डडेलधुराको सुरेश बुढा, लमजुङ बेसीशहर नगरपालिका वडा नं. ६ का अर्जुन आले, कैलाली बाराका अर्जुन शर्मा, सिराहाका रमेश वि.क. सप्तरीका सुरेश सदा, सप्तरीकै सन्तोष सरदार बाराका हरि वि.क. घाइते छन् ।

उनीहरुको उपचार लमजुङ जिल्ला बेसीशहर स्थित सामुदायिक अस्पतालमा उपचार भइरहेको छ । उपचार हुन नसकेका घाइतेहरुका लागि अन्यत्र उपचार लैजाने व्यवस्थाका लागि म सभामुख मार्फत अनुरोध पनि गर्न चाहन्छु । सभामुख महोदय, माथिल्लो दोर्दी ए २५ मेगावाटको क्षमताको विद्युत उत्पादन हुने निर्माणाधिन आयोजना हो । जो अन्तिम चरणमा प्रवेश गरेको थियो । झण्डै १०० दिन १२० दिन भित्र विजुली उत्पादन हुने प्रक्रियाका साथ अगाडी बढेको थियो । यो बाढीको कारणले गर्दा यो समयमा सम्पन्न हुन नसक्ने र क्षती भएको देखिएको छ । आयोजनाको प्रवर्धन गरिएको लिवर्टी इनर्जी प्रा.लि. को हितमा धेरै क्षती पुगेको छ । क्षतिको मूल्याङ्कन गर्न बाँकी रहेपनि अनुमान त करोडौं रुपैयाँको क्षति भएको अनुमान गर्न सकिन्छ । हेडवक्स डुबाएको छ । अधिकांश मेसिन बगाएको छ । आयोजना क्षेत्रका सडक र विद्युतका पोलहरु सबै बगाएको छ । यसरी यो क्षेत्र क्षतविक्षत हुन पुगेको छ । यसै गरेर यहि खोलामा दोर्दी खोलामा यस भन्दा माथि ५० मेघावाटको सुपर दोर्दी जलविद्युत आयोजनाको हिजोकै बाढीले २२५ के.वी.को जेनेरेटर, एउटा लोडर र एउटा ट्याक्टर पनि बगाएको छ । यसरी हिजो १५ मिनेट आएको बाढीले करोडौंको क्षति पुऱ्याएर धनजनको क्षति पुऱ्याएको छ । सभामुख महोदय, झण्डै १५-२० मिनेटको बाढीले उत्पादन चरणमा पुगेको आयोजनामा क्षति पुगेको छ नोक्सानी पुगेको छ । त्यो दुःखद क्षणमा उद्धारमा खोजी कार्यमा अरु संलग्न रहने सम्पूर्ण प्रति स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना, जनप्रतिनिधिहरु, पत्रकारहरु, राजनितिदलका नेता कार्यकर्ताहरु र आयोजना कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहन्छु । ज जसको क्षति भएको छ उनीहरुको मृतकहरुलाई परिवारजनहरुलाई क्षतिपुर्तिको व्यवस्था गर्न घाइतेको उपचार गर्न बेपत्ताको खोजी गर्न सभामुख मार्फत प्रदेश सरकार र नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । नेपाली लगानी कर्ताहरु र नेपालका

बैकहरु प्रवर्द्धन रहेर प्रारम्भ गरिएको यो आयोजनामा पुगेको क्षतिले नेपालको राष्ट्रिय उत्पादनमा गम्भिर खालको क्षति धक्का पुगेको महसुस गरेको छु । यसको निमित्त नेपाल सरकार तर्फबाट आयोजनाको लागि आयोजनाको क्षेत्रमा गरिएको ऋण लगानी कर्ताहरुको लागि यथोचित क्षतिपुर्तिको व्यवस्था हुनको लागि पनि सभामुख सामु आग्रह गर्दछु अनुरोध गर्दछु । दुःखको यस क्षणमा बाढीको क्षेत्रको अनुगमन निरिक्षण गर्न क्षति भएका सडकहरुलाई सुचारु गर्न विद्युत सुचारु गर्न पनि सम्मानित सभा मार्फत प्रदेश सरकार र नेपाल सरकार समक्ष ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म मिति २०७६ साल असार ३ गते बसेको सभाको १५ औं बैठकबाट दफाबार छलफल गर्नको लागि विधायन समितिमा पठाइएको प्रदेश लोक आयोगको गठन काम कर्तव्य, अधिकार र कार्यविधिको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्वन्धमा छलफल गर्न  २०७४ को प्रतिवेदन सहितको विधेयक पेश गर्न समितिका सभापति मोहन प्रसाद रेग्मीलाई समय दिन्छु ।

## माननीय मोहन प्रसाद रेग्मी

माननीय सभामुख महोदय, २०७६ साल असार ३० र ३१ गते साउन ३ र ८ गते समितिको बैठक बसेको थियो । समितिको बैठक समितिको सभापति माननीय मोहन प्रसाद रेग्मीको अध्यक्षमा बसेको थियो । बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, कृष्णचन्द्र नेपाली पोखरेल, चन्द्र बहादुर बुढा, धनन्जय दवाढी, धनमाया पोखरेल लामा, पियारी थापा, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजीव पहारी, ललितकला गुरुङ, विश्वप्रसाद लामिछाने, सावित्रा राना र माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री हरिबहादुर चुवानको उपस्थिति रहेको थियो । समितिको निर्णय अनुसार विधेयकका सम्वन्धमा छलफल गर्न विज्ञहरुको रुपमा लोक सेवा आयोगको पूर्व सदस्य सेवा निवृत्त विशिष्ट कर्मचारीहरु, प्रमुख सचिव, मुख्य न्याधिवक्ता, प्रदेश सरकार सचिव, पूर्व न्यायधिश, प्राध्यापक समेतलाई आमन्त्रण गरी राय सुझाव संकलन गरिएको थियो । यस प्रकार विभिन्न मितिमा समितिको बैठक बसी प्रदेश लोक सेवा आयोगको गठन काम, कर्तव्य र अधिकार कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा व्यापक छलफल अन्तरक्रिया गरी सबैको राय र परामर्शलाई समेत समावेश गरी उक्त विधेयक सम्वन्धमा समितिको सर्वसम्मति निर्णय भए बमोजिम संलग्न संशोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को

नियम ११९ बमोजिम सम्मानित सभासद समक्ष पेश गर्दछु । मोहन प्रसाद रेग्मी, सभापति विधान समिति, धन्यवाद !

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानलाई पारिश्रमिक र सुविधा सम्वन्धि केहि प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभासम्म नियमावली २०७४ को नियम १०६ बमोजिम सभा समक्ष पेश गर्न अनुमति दिन्छु ।

## माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमान

माननीय सभामुख महोदय, स्थानीय तहका पदाधिकारी सुविधा सम्वन्धित ऐन तथा सदस्यको २०७४ र प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्वन्धित ऐन २०७४ ले व्यवस्था गरेका कतिपय सुविधाहरुलाई समानुकुल बृद्धि गर्न कतिपय अव्यवहारिक व्यवस्थाहरुलाई खारेज गर्न, नयाँ पदाधिकारीहरुको व्यवस्था गर्न तथा ऐन बमोजिम नियुक्त हुने पदाधिकारीका लागि पारिश्रमिक र सेवा सुविधा सम्वन्धि व्यवस्था गर्न आवश्यक देखिएकोले पारिश्रमिक र सुविधा सम्वन्धि व्यवस्थाहरुलाई संशोधन गर्न बान्छनिय देखिएको हुँदा पारिश्रमिक र सुविधा सम्वन्धी केहि प्रदेश कानूनलाई संशोधन गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, केहि दिन अगाडी देखि परेको अविरल बर्षाका कारण बाग्लुङ लमजुङ लगायत यस प्रदेशका विभिन्न जिल्लाहरुमा दैविप्रकोपमा परी ठुलो धनजनको क्षमि हुनुको साथै केहि व्यक्तिहरुको मृत्यु भएको र केहि व्यक्तिहरु घाइते हुनु भएकोले घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मृतआत्माको चिरशान्तीको कामना सहित  शोक सन्तप्त परिवार प्रति यस प्रदेश सभा हार्दिक समवेदन व्यक्त गर्दछ ।

## माननीय सभामुख

**माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल साउन १० गते अपराह्न १:०० सम्मको लागि स्थागित हुन्छ ।**